चौरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
०८८-४०११४६

## नगर प्रहरी सहायक निरीक्षकसँग प्रमुख प्रशासकीय अधिकृतले गरेको कार्य सम्पादन करार सम्झौता

चौरजहारी नगरपालिका, रुकुम (पश्चिम) का प्रमुख प्रशासकीय अधिकृत (जसलाई यसपछि पहिलो पक्ष भनिएको) र चौरजहारी नगरपालिका, रुकुम (पश्चिम) का नगर प्रहरी सहायक निरीक्षक श्री............ ............ ............(जसलाई यसपछि दोस्रो पक्ष भनिएको) बीच नगर प्रहरीबाट सम्पादन गर्नुपर्ने कार्यहरु छिटो, छरितो, मितव्ययि एवम् प्रभावकारी ढङ्गले सम्पादन गरी स्वस्थ, सफा, शान्त, सुशासनयुक्त र न्यायपूर्ण नगरपालिकाको निर्माणको लागि देहायका शर्तहरुको अधिनमा रहि कार्य गर्न गराउन सहमत भई यो कार्य सम्पादन सम्झौता गरिदियौं, लियौं ।

१. यो सम्झौता मिति २०७७।०९।१३ देखि मिति २०७८।०३।३० सम्म लागू हुनेछ र यसको कार्यान्वयन गराउने दायित्व प्रमुख प्रशासकीय अधिकृतसँगको परामर्शमा प्रशासन, योजना तथा अनुगमन शाखाको हुनेछ । सम्झौता उल्लेखित शर्तहरुको पालना गर्नु दुवै पक्षको कर्तव्य हुनेछ ।

२. पहिलो पक्षले कार्य सम्पादन करारमा दोस्रो पक्षले पालना गर्नुपर्ने भनि उल्लेखित शर्तहरु पालना भए वा नभएको सम्बन्धमा प्रशासन योजना तथा अनुगमन शाखा मार्फत निरन्तर रुपमा अनुगमन, नियमन, मूल्यांकन गरी प्रतिवेदन गर्नेछ ।

३. पहिलो पक्षले मूल्यांकनका आधार र मापदण्डहरु निर्माण गरी सूचकमा आधारित कार्य सम्पादन मूल्यांकन गर्नेछ । सोही मूल्यांकनको आधारमा पहिलो पक्षले नगर प्रहरी नायव निरीक्षक नियुक्ति गर्न सकिनेछ ।

४. पहिलो पक्षले दोस्रो पक्षले सम्पादन गरेका कार्यहरु निजको कार्य सम्पादन स्तर र नगर प्रहरी व्यवस्थापन उपशाखाको समग्र कार्य सम्पादनको सम्बन्धमा मासिक रुपमा नगर कार्यपालिका समक्ष प्रमुख प्रशासकीय अधिकृत मार्फत प्रतिवेदन पेश गर्नेछ ।

५. दोस्रो पक्षले देहायका कार्यहरु तोकिएकै अवधिभित्र सम्पादन गरिसकेको हुनुपर्नेछ :—

### (१) प्रशासन तथा शान्ति सुरक्षा फाँट (४०)

(क) नगरपालिकाको नीति, कानून, मापदण्ड तथा निर्णय प्रमुख प्रशासकीय अधिकृतसँगको समन्वय र निर्देशनमा कार्यान्वयन गर्ने/गराउने

(ख) नगरपालिकाको सम्पत्तिको प्रभावकारी सुरक्षा र संरक्षण गर्न कार्य योजना तयार पारी प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गरी उक्त कार्ययोजना स्वीकृत गराई सशक्त ढङ्गले कार्यान्वयन गर्ने तथा गराउने ।

(ग) स्थानीय सभा समारोह, परम्परा तथा जात्रा चाडपर्वको सुरक्षा व्यवस्थापन गर्न कार्ययोजना बनाई लागू गर्न प्रमुख प्रशासकीय अधिकृतसँग आवश्यक परामर्श र समन्वय गर्ने ।

(घ) न्यायिक समितिले गरेका मिलापत्र तथा निर्णयको कार्यान्वय गर्ने र गराउने ।

(ङ) नगरपालिका क्षेत्रभित्र अनधिकृत निर्माण तथा सार्वजनिक सम्पत्तिको अतिक्रमण रोकथाम तथा नियन्त्रण गर्ने ।

(च) नेपाल प्रहरीसँगको समन्वयमा नगरपालिकाका महत्वपूर्ण वस्तिहरुमा प्रत्येक महिनामा कम्तिमा एक पटक खानतलासी सहितको गस्ति गरी मदिराजन्य पदार्थको आयात, विक्रि वितरण, सेवन, गैरकानूनी उत्पादन भए/नभएको सम्बन्धमा अनुसन्धान गरी प्रमुख प्रशासकीय अधिकृत समक्ष प्रतिवेदन पेश गर्ने ।

(छ) चौरजहारी नगरपालिकाको मुख्यमुख्य बजार क्षेत्रमा नेपाल प्रहरी समेतको परामर्श र समन्वयमा छड्के खानतलासी गरी मदिरा विक्रि वितरण, सेवन, जुवातास खेलाउने लगायतको विकृति र विसङ्गतिजन्य कार्य भए/नभएको एकिन गरी प्रमुख प्रशासकीय अधिकृत समक्ष प्रतिवेदन पेश गर्ने ।

(ज) सार्वजनिक जग्गा, बाटो, मठ, मन्दिर, ढल, नाला, चोक, पोखरी मिचि कसैले घर, कम्पाउण्ड, टहरा वा त्यस्तै अन्य निर्माण कार्य गरेको अथवा व्यक्तिगत रुपले उपभोग गरेको छ, छैन निरीक्षण गर्ने । निर्माण गरेको देखिएमा निर्माण कार्य रोक्का गरी कानून इकाई मार्फत निर्णय गर्ने अधिकारी समक्ष प्रतिवेदन पेश गर्ने । भत्काउने आदेश भएमा भत्काउने ।

(झ) नगर क्षेत्रमा अनियमित निर्माण कार्य गरेको देखिएमा नक्शापास भए नक्शापासको प्रमाण पत्र सहितको प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्ने । मापदण्ड विपरित निर्माण भएको देखिए भत्काउने आदेश दिएमा भत्काउने ।

(ञ) नगरपालिका क्षेत्रभित्र सार्वजनिक स्थलमा जादु, सर्कस जुवा लगायतका विकृतीजन्य क्रियाकलापमा रोक लगाउने ।

(ट) एम्बुलेन्सलाई २४ सैं घण्टा चुस्त र दुरुस्त राखी माग भएको ठाउँमा तुरुन्त राहत कार्यमा सहयोग पुऱ्याउने र सोको साप्ताहिक विवरण प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्ने ।

(ठ) माथि तोकिए बमोजिमका कार्यहरु समन्वय गरी जिम्मेवारी लिई जवाफदेहिता समेत बहन गर्ने ।

(ड) नगरपालिकाले तोकेका भौतिक पूर्वाधार निर्माणसँग सम्बन्धित कार्यहरु एवं. अन्य कार्यहरु गर्ने गराउने । सम्पादित भौतिक निर्माणसँग सम्बन्धित कार्यहरुको एकीकृत प्रतिवेदन मासिक रुपमा प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्ने

(ढ) महिला तथा घरेलु हिंसा, कुरीती, कुसंस्कार बिरुद्ध जनचेतना संचालन गर्ने । बाहविवाह, बहुविवाह गर्ने तथा गराउनेहरुलाई नियन्त्रण गरी कानून बमोजिम कारवाहीको लागि सम्बन्धित निकायमा पेश गर्ने ।

(ण) स्थानीय सरकारको विनियोजित बजेट र योजनाको प्राप्त जिम्मेवारी अनुसार सम्पन्न गर्ने ।

(त) नगरपालिकाले सञ्चालन गर्ने आर्थिक उत्पादनका परियोजनाहरुमा आवश्यक जनशक्ति पूर्ति गर्ने र कार्य सञ्चालन गर्ने । नगरपालिकाले आफ्नै स्रोत र लगानीमा स्थापना गरेको मौसमि तथा वेमौसमि तरकारी फर्मको प्रभावकारी सञ्चालन व्यवस्थापन गर्ने व्यवस्था मिलाउने ।

(थ) नगरपालिकाले जारी गरेका सन्देशमूलक सूचनाहरुको अडियो तयार पारी हरेक दिन मुख्यमुख्य बजारक्षेत्रमा नियमित प्रचारप्रसार हुने व्यवस्था मिलाउने ।

(द) प्रमुख प्रशासकीय अधिकृतले तोके अनुसारका अन्य कार्यहरु गर्ने तथा गराउने ।

(२) सार्वजनिक सवारी तथा यातायात व्यवस्थापन फाँट (४०)

(क) स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक तथा यातायात सम्बन्धी नीति, कानून, मापदण्डहरुको पूर्ण रुपमा कार्यान्वयन तथा नियमन गरी साप्ताहिक रुपमा प्रमुख प्रशुसकीय अधिकृत समक्ष प्रतिवेदन पेश गर्ने ।

(ख) नगरपालिकाले खरिद गरेका हेभि तथा हलुका सवारी साधनहरु (ब्याकओलोडर, टिप्पर, नगर बस, जीपहरु, मोटरसाइकल, एम्बुलेन्स) को विस्तृत व्यहोरा खुल्ने गरी एकीकृत विवरण तयार पारी प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्ने ।

(ग) नगरपालिकामा रहेका हेभि तथा हलुका सवारी साधनहरुको विमा, ब्लु बुक नविकरण अवधि, मर्मत संभार सेड्युल अपडेट गरी दुरुस्त राख्ने । सम्बन्धित जिम्मेवार कर्मचारी वा पदाधिकारीहरुलेमात्र नगरपालिकाको सवारी साधन नियमानुसार प्रयोग गर्ने व्यवस्था मलाउने ।

(घ) नगरपालिकाका सवारी साधन (नगर बस, ब्याकओलोडर, टिप्पर र एम्बुलेन्स) बाट हालसम्म सम्झौता अनुसार संकलन हुनुपर्ने आन्तरिक आयको एकीकृत विवरण तयार पारी राजश्व उपशाखा मार्फत संकलन गरी नगरपालिकाको संचित कोषमा दाखिला गरी दाखिला भौचर पेश गर्ने । अव उप्रान्त सम्झौता अनुसारको आय तोकिएको समयावधिभित्र नै असूल उपर हुने प्रभावकारी योजना बनाई प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्ने ।

(ङ) स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक, झोलुङ्गे पुल, पुलेसा र तटबन्धन सम्बन्धी गुरुयोजनाको तर्जुमा, कार्यान्वयन र स्तरोन्नतिका आयोजनाको पहिचान, अध्ययन, कार्यान्वयन, मर्मत, सम्भार गर्न प्रमुख प्रशासकीय अधिकृत समक्ष समन्वय गर्ने र निर्देशन अनुसार कार्य गर्ने ।

(च) यातायात सुरक्षा व्यवस्थापन र नियमनलाई प्रभावकारी बनाई रुट परमिट लिए/नलिएको, सवारी साधन चलाउँदा चालकले मदिराजन्य पदार्थ सेवन गरे/नगरेको, विमा, ब्लु बुक, लाइसेन्स दुरुस्त रहे/नरहेको, क्षमताभन्दा बढि यात्रिहरु राख्ने गरे/नगरेको सम्बन्धमा छानविन गरी साप्ताहिक रुपमा प्रमुख प्रशासकीय अधिकृत समक्ष प्रतिवेदन पेश गर्ने ।

(छ) स्थानीय सार्वजनिक यातायातको रुट निर्धारण, अनुमति, नवीकरण, खारेजी, सेवाको गुणस्तर, भाडा दर निर्धारण र नियमन सम्बन्धमा नगरपालिकाको निर्णय पूर्ण रुपमा कार्यान्वयन गर्ने तथा गराउने ।

(ज) वातावरणमैत्री, जलवायु परिवर्तन अनुकूलन, अपाङ्गता र लैङ्गिगमैत्री यातायात प्रणालीको प्रवर्द्धन गर्न सम्बन्धित निकायसँग आवश्यक परामर्श र समन्वय गरी नगरपालिकामा मासिक रुपमा प्रतिवेदन गर्ने

(झ) यातायात सुविधामा नागरिकको सरल, सहज र समान पहुँच स्थापित गर्न नगपालिकाको नीति र मापदण्ड पूर्ण रुपमा कार्यान्वयन गर्ने र गराउने ।

(ञ) यातायात क्षेत्रमा वाताबरणमैत्री प्रविधिलाई प्रोत्साहन प्रयत्न गर्ने ।

राम बहादुर के.सी.
नि. प्रमुख प्रशासकीय अधिकृत

(ट) निजी यातायात नियमन व्यवस्थापन गर्न नगरपालिकाको निर्देशनमा आवश्यक कार्य गर्ने ।

(३) बजार अनुगमन तथा उपभोक्ता हित संरक्षण फाँट (४०)

(क) स्थानीय व्यापार, वाणिज्य, वस्तुको माग, आपूर्ति व्यबस्थापन तथा अनुगमनको कार्यलाई प्रभावकारी बनाउन प्रमुख प्रशासकीय अधिकृतसँगको परामर्शमा आवश्यक कार्य गर्ने ।

(ख) चौरजहारी नगरपालिकाको मुख्यमुख्य बजार क्षेत्रमा नेपाल प्रहरी समेतको परामर्श र समन्वयमा छड्के खानतलासी गरी मदिरा विक्रि वितरण, सेवन, जुवातास खेलाउने लगायतको विकृति र विसङ्गतिजन्य कार्य भए/नभएको एकिन गरी प्रमुख प्रशासकीय अधिकृत समक्ष प्रतिवेदन पेश गर्ने ।

(ग) बजार तथा हाट बजार व्यवस्थापन गर्न स्थानको छनौट गरी प्रमुख प्रशासकीय अधिकृतसँग सिफारिस गर्ने ।

(घ) उपभोक्ता अधिकार तथा हित सम्बन्धी नीति, कानून, मापदण्डको पूर्ण रुपमा कार्यान्वयन र नियमन गरी साप्ताहिक रुपमा नगरपालिकामा प्रतिवेदन गर्ने ।

(ङ) स्थानीय वस्तुहरूको उत्पादन, आपूर्ति तथा निकासी प्रक्षेपण, मूल्य निर्धारण र अनुगमन सम्बन्धी कानून तथा निर्णयहरुको कार्यान्वयन गर्ने तथा गराउने ।

(च) स्थानीय व्यापार र वाणिज्य सम्बन्धी पूर्वाधार निर्माण गर्न स्थानको छनौट गरी प्रमुख प्रशासकीय अधिकृत समक्ष सिफारिस गर्ने ।

(छ) नगरपालिकासँगको परामर्श र निर्देशनमा स्थानीय वस्तु र सेवा व्यापारको मूल्य तथा गुणस्तरको अनुगमन र नियमन,

(ज) उपभोक्ता सचेतना, लक्षित उपभोक्ताको लगत व्यवस्थापन र स्थानीय वस्तु तथा सेवाको गुणस्तर परीक्षण सम्बन्धि नगरपालिकाको नीति तथा मापदण्डको कार्यान्वयन गर्ने तथा गराउने ।

(झ) बजार अनुगमन तथा उपभोक्ता हित संरक्षण सम्बन्धि नगरपालिकाले जारी गरेका सन्देशमूलक सूचनाहरुको अडियो तयार गरी मुख्यमुख्य बजारहरुमा नियमित र दैनिक प्रसार हुने व्यवस्था मिलाउने ।

(ञ) व्यवसाय कर र घरवहाल कर तिर्न बाँकी व्यक्तिहरुको विवरण तयार गर्ने घरवहाल कर र व्यवसाय कर चौरजहारी नगरपालिका आर्थिक ऐन, २०७६

अनुसार असूल उपर गरी एकीकृत विवरण प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्ने ।

(ट) मदिराको आयात, विक्रि वितरण, गैरकानूनी उत्पादन र सेवन गर्ने व्यक्ति/व्यवसायिहरुको पहिचान गरी नगरपालिकाको निर्णयानुसार दण्ड जरिवाना गरी एकीकृत विवरण नगरपालिका समक्ष साप्ताहिक रुपमा पेश गर्ने ।

(ठ) प्रमुख प्रशासकीय अधिकृतसँगको निर्देशनमा खाद्य पदार्थको गुणस्तर नियन्त्रण सम्बन्धि कार्य गर्ने ।

(ड) प्रमुख प्रशासकीय अधिकृतसँगको परामर्शमा खानेपानीको गुणस्तर नियन्त्रण सम्बन्धि कार्य गर्ने ।

(ढ) स्थानीय व्यापार प्रवर्द्धन, सहजीकरण र नियमन गर्ने

### (४) वन, वातावरण तथा विपद् व्यवस्थापन फाँट (४०)

(क) प्रमुख प्रशासकीय अधिकृतसँगको परामर्श र समन्वयमा वन, जङ्गल, वन्यजन्तु, चराचुरुङ्गी, जलउपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजनाहरुको प्रभावकारी कार्यान्वयन र नियमन गर्ने ।

(ख) सार्वजनिक सडक तथा सार्वजनिक स्थल अतिक्रमण गर्ने नियमतले राखिएका मालसामानहरु हटाई त्यस्तो कार्यमा संलग्न व्यक्तिहरुलाई आर्थिक ऐन अनुसार दण्डित गर्ने र सोको विवरण प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्ने ।

(ग) नगरपालिकाको खानेपानी, सरसफाई तथा स्वच्छता योजना (WASH Plan) अनुसार चौरजहारी नगरपालिका कार्यालयलाई पूर्ण सरसफाई उन्मूख कार्यालय घोषणा गर्न पूर्ण सरसफाईका सात सूचकहरु पूरा गराई सोको प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्ने ।

(घ) नगरपालिका क्षेत्रभित्र उठ्ने फोहरमैला ल्यान्डफिल साइडमा उचित तरिकाले विसर्जन गर्न एवम् हप्तामा कम्तिमा दुई पटक नगरपालिकाको टिप्पर प्रयोग गरी फोहरमैला सङ्कलनको अभियान सञ्चालन गर्न आवश्यक कार्ययोजना बनाई प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्ने र सोही कार्य योजना अनुसार फोहर उठाउने व्यवस्था मिलाउने ।

(ङ) आर्थिक ऐन अनुसारको फोहरमैला व्यवस्थापन शुल्क उठाई नगरपालिकाको सञ्चित कोषमा दाखिला हुने व्यवस्था मिलाउने ।

तात बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

(च) हप्तामा एक पटक अनिवार्य रुपमा मुख्यमुख्य बजार क्षेत्रमा नगर प्रहरी एवम् सरोकारवाला निकायको संलग्नतामा सरसफाई अभियान सञ्चालन गर्ने । फोहरमैला जथाभावि फाल्ने, आफ्नो घरआँगन र टोल सफाई नगर्ने व्यक्ति तथा परिवारहरुलाई रु १००।०० देखि रु ५००।०० सम्म जरिवाना गर्ने र सोको विवरण नगरपालिकामा पेश गर्ने ।

(छ) नगरपालिकासँगको सहकार्यमा नगरपालिका कार्यालय, मुख्यमुख्य बजार क्षेत्रहरुमा फोहरमैला संकलन गर्न डस्टविनको व्यवस्था गर्ने र ती डस्टविन हराउन नदिन र प्रभावकारी उपयोग गर्न आवश्यक व्यवस्था मिलाउने ।

(ज) नगरपालिका कार्यालय वरीपरि हरियाली प्रवर्द्धन गर्ने । नगरपालिका कार्यालयमा रहेका खाली जमिन तथा स्थानहरुमा फलफूलका विरुवा लगाउने, तरकारी उत्पादन गर्ने व्यवस्था मिलाउने ।

(झ) सामुदायिक, ग्रामीण तथा शहरी, धार्मिक, कवुलियती वनको संरक्षण, सम्वर्द्धन, उपयोग र नियमनको लागि आवश्यक कार्य योजना बनाई नगरपालिका समक्ष पेश गर्ने ।

(ञ) वन उपभोक्ता समूहको व्यवस्थापन, लगत सङ्कलन र अद्यावधिक गर्ने ।

(ट) नदीकिनार, नदीउकास, नहर किनार तथा सडक किनारमा वृक्षारोपण व्यवस्थापन गर्ने ।

(ठ) सार्वजनिक खाली जग्गा, पाखा वा क्षेत्रमा वृक्षारोपण, सम्भार, उपयोग र व्यवस्थापन गर्ने ।

(ड) वन बीउ बगैंचा स्थापना, व्यवस्थापन र प्रवर्द्धन गर्ने ।

(ढ) नर्सरी स्थापना, बिरुवा उत्पादन, वितरण, रोपण र प्रवर्द्धन सम्बन्धि कार्य गर्ने ।

(ण) वन्यजन्तु र चराचुरुङ्गीको संरक्षण, व्यवसायिक पालन, उपयोग र अनुगमनको लागि कार्ययोजना बनाई पेश गर्ने ।

(त) वन्यजन्तुबाट स्थानीय समुदायमा पर्ने प्रभाव रोकथाम, व्यवस्थापन सम्बन्धि प्रतिवेदन पेश गर्ने ।

(थ) स्थानीयस्तरमा आखेटोपहारको व्यवस्थापन गर्ने ।

(द) नकुहिने र पुनःप्रयोग गर्न सकिने फोहरलाई संकलन गर्न आवश्यक व्यवस्था मिलाउने ।

(ध) जलवायू परिवर्तन अनुकुलन कार्यहरु सञ्चालन गर्न नगरपालिकासँग आवश्यक परामर्श गर्ने ।

(न) विपद् व्यवस्थापन सम्बन्धी खोजी, उद्धार, राहत तथा पुनर्स्थापना कार्यमा खटिई आवश्यक कार्य गर्ने ।हालसम्म भएका प्राकृतिक प्रकोपजन्य घटना र सोबाट भएको धनजनको क्षति एवम् उपलब्ध गराईएको राहत सम्बन्धि एकीकृत विवरण तयार पारी प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्ने ।

(ऩ) छाडा पशु चौपायको नियन्त्रण गर्ने । साथै पशु चौपाय छाडा छोड्ने व्यक्तिहरुको पहिचान गरी रु ५,०००।०० (पाँच हजार रुपैयाँ) जरिवाना गराउने ।

(प) रोगी वा कानूनले निषेध गरेका पशुपंक्षी, जीवजन्तुहरु काटमार गर्न नदिने र त्यस्ता पशुपंक्षी जीवजन्तुका मासु बिक्रि वितरणमा रोक लगाउने । अटेर गरेमा जफत गरी नष्ट गर्ने । साथै जरिवाना समेत गर्न राय साथ पेश गर्ने ।

(फ) छाडा कुकुर नियन्त्रण सम्वन्धी कारवाही गर्ने । मरेका जीवजन्तु समयमै गाड्न लगाउने ।

(ब) खतरा उत्पन्न हुने रुख काट्न लगाउने । जोखिमपूर्ण घर पर्खाल भए सोको लिखित प्रतिवेदन पेश गर्ने र भत्काउन आदेश भए भत्काउने ।

(भ) वडा समिति, टोल सुधार समिति, तथा नेपाल प्रहरीसँगको सहकार्यमा सरसफाई, सुरक्षा र सामाजिक विकृति हटाउने कार्य गर्ने गराउने ।

(म) शहरमा ध्वनी, धुवा, प्रकाश अथवा अन्य कुनै कारणले सार्वजनिक रुपमा वाधा पुग्ने गरी उद्योग धन्दा सञ्चालनमा रोक लगाउने ।

(य) पर्यावरणीय कार्यमा सरीक हुनुका साथै जनचेतनामूलक कार्य गर्ने ।

(र) स्वच्छ तथा स्वस्थ वातावरण र जलाधार तथा वन्ययजन्तुको संरक्षण व्यवस्थापन सम्बन्धी नीति, कानून, कार्यक्रम कार्यान्वयन र नियमन गर्ने ।

(ऱ) बृक्षारोपण, हरियाली तथा हरित क्षेत्रको प्रर्वद्धन सम्बन्धि कार्य गर्ने ।

(ल) वायु तथा ध्वनीको प्रदूषण नियन्त्रण गर्ने

( ) मुख्यमुख्य बजार क्षेत्रमा सार्वजनिक शौचालय स्थापना गरी सञ्चालन गर्न उपयुक्त स्थानको छनौट गरी नगरपालिका समक्ष सिफारिस गर्ने ।

( ) विपद् व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड तथा स्थानीय स्तरका आयोजनाको कार्यान्वयन र नियमन गर्ने ।

राम बहादुर कोली
प्र. प्रमुख प्रशासकीय अधिकृत

# चौरजहारी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
०८८-४०११४६


(व) विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना, जोखिम न्यूनीकरण कार्य योजना अनुसार कार्य गर्ने तथा गराउने ।

(श) विपद् पूर्व तयारी, खोज तथा उद्धार, राहत सामग्रीको पूर्व भण्डारण, वितरण र समन्वयको व्यवस्था मिलाउने ।

(ष) विपद् जोखिम क्षेत्रको नक्साङ्कन तथा बस्तीहरूको पहिचान र स्थानान्तरणको लागि नगरपालिका समक्ष सिफारिस गर्ने ।

(स) विपद् व्यवस्थापनमा सङ्घ, प्रदेश र स्थानीय समुदाय, संघ संस्था, निजीक्षेत्रसँग सहयोग, समन्वय र सहकार्यको सम्पर्क व्यक्तिको रुपमा काम गर्ने ।

(ह) विपद् पश्चात् स्थानीयस्तरको पुनर्स्थापना र पुनर्निर्माणको लागि नगरपालिकासँगको समन्वयमा आवश्यक कार्य गर्ने ।

(कक) स्थानीय आपतकालीन कार्य सञ्चालन केन्द्रको स्वीकृत कार्यविधि अनुसार सञ्चालन गर्ने ।

६. माथि उल्लेखित सूचक र अंक भारको आधारमा दोस्रो पक्षको कार्य सम्पादन मूल्यांकन हुनेछ । दोस्रो पक्षले कूल पूर्णांकको कम्तिमा ५० प्रतिशत अंक प्राप्त गर्न नसकेमा निजलाई जिम्मेवारीबाट हटाई रु पाँच हजार रुपैयाँदेखि पन्ध्र हजार रुपंयाँसम्म जरिवाना समेत गरिनेछ । तर जरिवाना गर्नुपूर्व सफाईको मौका दिईनेछ ।

| पहिलो पक्षको तर्फबाट | दोस्रो पक्षको तर्फबाट |
|---|---|
| नाम थर : | नाम थर : |
| पद : | पद : |
| हस्ताक्षर : | हस्ताक्षर : |
| मिति : २०७७।०९।१३ | मिति : २०७७।०९।१३ |

रोहवर

नाम थर :

पद :

प्रमुख प्रशासकीय अधिकृत

# चौरजहारी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
०८८-४०११४६


दस्तखत :

मिति : २०७७।०९।१३

इति संवत् २०७७/०९/१३ रोज ०२

राम बहादुर के.सी.
नि. प्रमुख प्रशासकीय अधिकृत


website : www.chaurjaharimun.gov.np Email : ito.chaurjaharimun@gmail.com